म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १२४ शनिबार, ५ पुस २०८२ ने. सं. ११४६ थिंलागा 20 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा जलवायु परिवर्तनसम्बन्धी छलफल

हेटौंडा, ४ पुस/ हेटौंडामा जलवायु परिवर्तन सम्वन्धी छलफल तथा सुझाव संकलन कार्यक्रम गरिएको छ । संघीय वन तथा वातावरण मन्त्रालय र बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयको आयोजनामा जलवायु परिवर्तन तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना तेस्रो मस्यौदा प्रतिवेदनको प्रदेशस्तरीय छलफल तथा सुझाव संकलन कार्यशाला हेटौंडामा भएको हो । कार्यक्रमको बागमती प्रदेशका वन तथा वातावरण मन्त्री भरत बहादुर केसीले उद्घाटन् गरे । कार्यक्रममा बोल्दै उनले जलवायु परिवर्तनका कारण धेरै खालका समस्या बढ्दै गएकाले हरेकले आफ्नो क्षेत्रबाट काम गर्नुपर्ने बेला आएको बताए । मन्त्रालयका सचिव डाक्टर केदार बरालको अध्यक्षतामा भएको कार्यक्रममा वन निर्देशनालयका निर्देशक विद्यानाथ झा लगायतको आतिथ्यतामा भएको कार्यक्रममा सहभागीहरुलाई स्वागत तथा कार्यक्रमको उद्देश्य माथि वन विभागका उपसचिव सुजल सुवेदीले गरेका थिए । कार्यक्रममा प्राविधिक प्रस्तुतिकरण समूह कार्य, समूहमाथिको प्रस्तुतिपछि समापन गरिएको थियो ।

### बागमती सरकारले भौतिक सम्पत्तिको खोजी गर्ने

# समिति गठन गर्न मन्त्रिपरिषद्मा सिफारिस गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ बागमती प्रदेश सरकारले आफू र अन्तर्गत् रहेका सार्वजनिक निकायको भौतिक सम्पत्तिको खोजी गर्ने भएको छ ।

प्रदेश सरकार र अन्तर्गत् रहेका सार्वजनिक निकायको भौतिक सम्पत्ति खोजी गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बैठक तथा प्रशासन महाशाखाका सचिवको संयोजकत्वमा एक समिति रहने गरी प्रस्ताव गरिएको छ । प्रदेशका प्रमुख सचिवको अध्यक्षतामा बसेको प्रदेश सरकारका सचिवहरूको बैठकले प्रदेश सरकारको भौतिक सम्पत्तिको अभिलेख व्यवस्थापन एवम् त्यसको उपभोग गर्ने सम्बन्धमा समिति गठन गर्न मन्त्रिपरिषद्मा सिफारिस गर्ने निर्णय गरेको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकृत तीर्थराज घिमिरेले समितिमा प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रमुख सदस्य र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रशासन हेर्ने उपसचिव सदस्य सचिव रहने गरी प्रस्ताव गरिएको जानकारी दिएका छन् ।

प्रदेशका मन्त्रालयले प्रयोग गरेको सवारी साधनको हकमा जुन मन्त्रालय वा निकायको पदाधिकारीले प्रयोग गरेको छ, सोही मन्त्रालय वा निकायको स्वामित्व कायम गर्ने कार्य एक महिनाभित्र सम्पन्न गरिने भएको छ । यस्तै,



प्रदेश सरकारका पुराना योजनालाई कार्यान्वयनमा प्राथमिकता दिने गरी कार्य अगाडि बढाइने भएको हो ।

मन्त्रालयलाई तोकिएको वार्षिक कार्यक्रम कार्यान्वयनको तालिका तयार गरी यथासम्भव शत्प्रतिशत प्रगति हासिल हुने गरी कार्यान्वयन गर्ने र थोरै रकम व्यवस्थापन गर्दा शत्प्रतिशत सम्पन्न हुने पुराना योजनालाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने गराउने प्रदेशका सचिवहरूको बैठकले निर्णय गरेको हो ।

गत भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा क्षति, नष्ट भएका सरकारी भवन, सवारी साधन, कार्यालयका सामानलगायत भौतिक सम्पत्तिको अभिलेख तयार गर्ने छ । त्यसैगरी अद्यावधिक, मर्मतसम्भार र खरिद व्यवस्थापन गरी कार्यालय व्यवस्थापन एवम् सेवाप्रवाह प्रभावकारी, बजेट नपुग भएमा सम्बन्धित मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरी आवश्यक बजेटको प्रबन्ध गराउने र मन्त्रालयले सहजीकरण गर्ने बैठकले निर्णय गरेको छ ।

प्रदेशका मन्त्रालय र अन्तर्गत्का निकायमा गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा क्षति वा आगलागी भई नष्ट भएका सवारी साधनलगायत अन्य भौतिक सम्पत्तिको बिमा दाबी गर्ने, क्षतिपूर्ति प्राप्त गर्ने, लिलामी गर्नुपर्ने मालसामानको लिलामी प्रक्रिया र मिनाहा वा लगत कट्टा गर्नुपर्ने भए तत्काल प्रक्रिया सुरु गरी व्यवस्थापन गरिने भएको छ ।

कार्यालयमा प्राप्त हुन आएका गुनासो र उजुरीको अभिलेख, छानबिन र फर्स्योट कार्य प्राथमिकतामा राखी सम्पादन गरी सोको अभिलेख सम्बन्धित मन्त्रालय र मातहत निकायले अद्यावधिक गरी एकीकृत विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने व्यवस्था गरिने भएको छ ।

प्रदेशका मन्त्रालयले आफू र मातहतका कार्यालयमा प्रयोगमा ल्याएका सफ्टवेयरको डेभलपरको टीओआर, सोबमोजिमको सफ्टवेयरको कार्यसम्पादन तथा उपयोगिता, सोर्सकोडको अवस्था बुझ्ने छ । सुरक्षण परीक्षण नगरेको भए सोसमेत गर्ने र अद्यावधिक विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई यथाशीघ्र उपलब्ध गराउन प्रदेशका सचिवको बैठकले निर्णय गरेको छ ।

कार्यालयको बेरुजु वर्गीकरण गरी बेरुजु फर्स्योटलाई प्राथमिकता दिने, कार्यालयबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउन हाजिरी, बिदा, काज, तालिमलाई व्यवस्थित एवम् सेवा प्रवाहलाई असर नगर्ने गरी प्रबन्ध मिलाउने र कार्यालय समयमा कर्मचारी उपस्थित हुन नसकेमा सुपरीवेक्षकसँग अनुमति लिने र निजको सिफारिसमा मात्र काज र बिदा स्वीकृत गर्ने/गराउने निर्णय भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । त्यसअघि प्रदेश सरकारले प्रदेशको प्रशासनिक संरचनालाई चुस्त, प्रभावकारी र कम खर्चिलो बनाउन दुई वटा संयन्त्रमार्फत् काम अघि बढाएको छ । सरकारले संगठन संरचना र कर्मचारी दरबन्दी पुनरावलोकनका लागि संघीय सरकारका पूर्वसचिवहरू सम्मिलित 'विज्ञ टोली' र मन्त्रिस्तरीय 'अध्ययन समिति' बनाएर काम गरि रहेको छ । यी दुवै समितिले प्रदेशका मन्त्रालय, मातहतका निकाय र कर्मचारी दरबन्दीको अवस्थाबारे गहिरो अध्ययन गर्ने जिम्मेवारी पाएका छन् ।

# कृषि सेवा कार्यालय जस्ताको टहराबाट सञ्चालन



साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ बागमती प्रदेश सरकारअन्तर्गत् प्रदेश रहेको कृषि सेवा कार्यालय जग्गा उपलब्ध भएपनि भवन नहुँदा जस्ताको टहरामा सञ्चालन हुँदै आएको छ ।

दोलखा सदरमुकाम चरिकोटमा रहेको कृषि सेवा कार्यालय पर्याप्त पूर्वाधार र स्रोत-साधनको अभावका कारण सेवा प्रवाहमा समस्या भएको कार्यालयले जनाएको छ । दोलखा र रामेछाप जिल्लाको कृषि सेवा हेर्ने जिम्मेवारी पाएको कार्यालय स्थायी भवन, जनशक्ति र व्यवस्थापन समस्याबाट प्रभावित बनेको हो ।

कृषि कार्यालय प्रमुख प्रमोदप्रसाद दाहालले कार्यालयसँग आवश्यक जग्गा उपलब्ध भएपनि आफ्नै भवन नहुँदा सेवा प्रवाह प्रभावकारी हुन नसकेको बताए । उनले भने 'पहिले प्रयोग हुँदै आएको भवन हाल राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यन्वयन एकाइले प्रयोग गरिरहेको छ । परियोजनाबाट भवन फिर्ता पाउनका लागि कार्यालयले समन्वय गरिरहेको छ ।

हाल कार्यालय जस्ताले छाएको दुई वटा कोठाबाट सञ्चालन हुँदै आएको छ । कार्यालयमा तीन जना कर्मचारी कार्यरत् छन् भने सवारी साधनका रूपमा एउटा मोटर साइकल उपलब्ध छ । कृषि सम्भावनाको दृष्टिले दोलखा जिल्ला मुख्यतया आलु, किवी, सुन्तलालगायत बाली उत्पादनका लागि उपयुक्त मानिन्छ ।

कार्यालयमार्फत् सञ्चालन हुने कार्यक्रमको भुक्तानि प्रक्रियाका लागि फाइल रामेछाप पठाउनुपर्ने व्यवस्था रहेको छ । यसका साथै मर्मत तथा व्यवस्थापनका लागि छुट्टै बजेट नहुनु कार्यालयको अर्को चुनौती बनेको छ । बजेट अभावले कार्यालयमा सामान्य मर्मतसमेत हुन सकेको छैन । कार्यालय वरपर पुराना भत्किएका संरचना छन् । भत्किएका संरचना र वरिपरि कार्यालय व्यवस्थापन नहुँदा सेवा प्रवाहमा समस्या भइरहेको छ ।

चालु आर्थिक वर्णमा कार्यालयका लागि विनियोजित बजेट करिब ५० प्रतिशत कटौती गरिएपछि कार्यक्रम कार्यान्वयन थप प्रभावित भएको कार्यालय प्रमुख दाहालले बताए । बजेट कटौतीले धेरै कार्यक्रमहरू प्रभावित हुने उनको भनाइ छ ।

स्थानीय किसान तथा सरोकारवालाहरूले कृषि क्षेत्रको विकासका लागि सेवा प्रवाह गर्ने निकायलाई स्थायी भवन, पर्याप्त बजेट र आवश्यक साधनसहित सुदृढ गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन् । कृषि उत्पादनको ठुलो सम्भावना बोकेको क्षेत्रमा सेवा दिने कार्यालय नै कमजोर अवस्थामा रहनु प्रदेश सरकारको कृषि नीतिको कार्यान्वयन पक्ष चुनौतीपूर्ण रहेको संकेत मानिन्छ । सरोकारवालाहरूले नीतिसँगै कार्यान्वयन संरचनामा समेत ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका छन् ।

कृषिलाई प्राथमिकता भन्ने प्रदेश सरकारको प्रतिबद्धता व्यवहारमा उतार्न टहराम कृषि सेवा कार्यालयलाई तत्काल स्थायी भवन, पर्याप्त बजेट र अधिकार दिनु अपरिहार्य देखिएको छ ।

## सातौं रणबहादुर थापा स्मृति हाजिरी जवाफको उपाधि ब्रम्हदिक एकेडेमीलाई



साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ सातौं रणबहादुर थापा स्मृति अन्तरविद्यालय हाजिरीजवाफ प्रतियोगिताको उपाधि ब्रम्हदिक एकेडेमीले जितेको छ ।

हेटौंडा-७ स्थित तासिर इङ्लिस सेकेन्डरी विद्यालयका संस्थापक राजन थापाका पिता स्वर्गीय रणबहादुर थापाको वार्षिक पुण्यतिथिको अवसरमा प्रतियोगिता भएको हो ।

हेटौंडा उपमहानगर पालिकाभित्रका १७ वटा विद्यालयको सहभागिता रहेको प्रतियोगितामा तुल्सीमेहर मेमोरियल माध्यमिक विद्यालय दोस्रो र जीएस निकेतन विद्यालय तेस्रो भएको छ । प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने विद्यालयलाई क्रमश: नगद २० हजार एकसय ५५, १५ हजार एकसय ५५ र १० हजार एकसय ५५ रुपैयाँसहित मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो ।

हेटौंडा-७ का वडाध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्यतामा पुरस्कार वितरण गरिएको थियो । छैटौं संस्करणको प्रतियोगितामा पनि ब्रम्हदिक एकेडेमी प्रथम र तुल्सीमेहर मेमोरियल माध्यमिक विद्यालय दोस्रो भएको थियो ।

कार्यक्रममा विद्यालयका संस्थापक राजन थापा, उनकी आमा निरकुमारी थापा, प्रधानाध्यापक विनोद थपलिया, प्याब्सन मकवानपुरका वरिष्ठ उपाध्यक्ष राजकुमार नहर्की, प्याब्सन नगर अध्यक्ष रामकुमार श्रेष्ठलगायतको आतिथ्य थियो ।

हेटौंडा-७ का पूर्व वडाध्यक्षसमेत रहेका विद्यालयका संस्थापक राजन थापाले आफ्नो बाबुको स्मृतिमा प्रत्येक वर्ष निरन्तर प्रतियोगिता आयोजना गर्दै आइरहेका छन् ।

# जेनजी आन्दोलनका घाइतेलाई निर्वाह भत्ता दिइने

### अति गम्भीरलाई १८ हजार

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ सरकारले भदौ २३ र २४ गतेको जेनजी प्रदर्शन तथा आन्दोलनमा घाइते भएकाहरूलाई मासिकरूपमा निर्वाह भत्ता दिने भएको छ । घाइतेहरूको अपाङ्गताको अवस्था र गम्भीरताका आधारमा आर्थिक सहायता तथा जीवन निर्वाह भत्ता उपलब्ध गराउने भएको हो ।

जेनजी प्रदर्शनमा घाइते भएका व्यक्तिलाई राहत सहायता उपलब्ध गराउनेसम्बन्धी कार्यविधि-२०८२ कार्यान्वयनमा आएसँगै प्रक्रिया अघि बढाइएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए । स्वास्थ्य मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित प्राविधिक समितिले घाइतेहरूलाई साधारण, मध्यम, गम्भीर र अति गम्भीर गरी चार वर्गमा विभाजन गर्ने प्रावधान कार्यविधिमा उल्लेख छ ।

कार्यविधिअनुसार मध्यम घाइतेले मासिक चार हजार, गम्भीर घाइतेले मासिक ९ हजार र अति गम्भीर घाइतेलाई जीविकोपार्जन भत्तावापत मासिक १८ हजार दिइने छ । सामान्य घाइतेलाई भने नगद राहतको व्यवस्था छैन । कार्यविधिको उपदफा -१०) बमोजिम यो भत्ता महँगीका आधारमा पुनरावलोकन गर्न सकिने प्रावधान पनि राखिएको छ । जिल्ला प्रशासन कार्यालयहरूले घाइतेहरूको सिफारिस गर्ने र



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रमाणीकरण गर्ने व्यवस्था छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संयोजकत्वमा भइरहेको घाइते वर्गीकरण २९ मंसिरसम्म तीन जिल्ला काठमाडौं, कास्की र चितवन एकसय ८३ जनाको सम्पन्न भएको छ । वर्गीकरण मध्ये कूल १८ जना अति गम्भीर घाइते, ५५ जना गम्भीर, ४० जना मध्यम घाइते र ७० जना सामान्य घाइतेको रूपमा वर्गीकरण भएका छन् ।

काठमाडौंमा कूल एकसय ६० घाइतेको वर्गीकरण भएको छ । जसमध्ये १६ जना अति गम्भीर घाइते, ५२ जना गम्भीर घाइते, ३७ जना मध्यम र ५५ जना सामान्य घाइते छन् ।

यस्तै, कास्की जिल्लामा हालसम्ममा ७ जना घाइतेहरू वर्गीकृत भएका मध्येमा अति गम्भीरमा दुई जना, गम्भीरमा तीन जना र सामान्यमा दुई जना घाइतेहरू वर्गीकरण भएका छन् ।

यसैगरी, चितवनमा कूल ७ जना घाइतेहरूको वर्गीकरण भएकोमा अति गम्भीर र गम्भीरमा कोही पनि वर्गीकरणमा नपरेको र मध्यम र सामान्यमा क्रमश: ३ र ४ जना वर्गीकृत भएका छन् । ७४ स्वास्थ्य संस्थाबाट स्वास्थ्य मन्त्रालयमा आएको घाइतेहरूको जेनजी आन्दोलनमा दुई हजार पाँचसय २२ घाइते भएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# एप्पलको छलाङ, १४ वर्षपछि पुनः नम्बर वान बन्ने

विश्वका दुई ठूला स्मार्टफोन ब्रान्ड सामसुङ र एपलबीच वर्षौंयता नम्बर-वान को बन्ने भन्ने प्रतिस्पर्धा चलिरहेको छ । पछिल्ला वर्षहरूमा यो दौडमा सामसुङ अग्रस्थानमा रहँदै आएको भए पनि नयाँ तथ्याङ्कले चाहिँ २०२५ मा चित्र बदलिन सक्ने संकेत गरेको छ ।

ताजा बजार अनुसन्धानले विश्व स्मार्टफोन बजारमा एपल पहिलो स्थानमा उक्लिने सम्भावना बलियो देखाएको छ । काउन्टरप्वाइन्ट रिसर्चको पछिल्लो रिपोर्टअनुसार यो वर्ष सन् २०२५ मा एप्पल विश्वकै सबैभन्दा ठूलो स्मार्टफोन ब्रान्ड बन्ने सम्भावना छ ।

अमेरिकाजस्ता परिपक्व बजारसँगै चीनमा पनि आइफोन १७ सिरिजको बिक्रीले तीव्र गति लिएको छ । यसले आइफोनको वार्षिक विश्वव्यापी बिक्री १० प्रतिशतसम्म बढ्ने अनुमान गरिएको छ, जबकि सामसुङका स्मार्टफोनको बिक्रीको यस्तो वृद्धिदर ४.६ प्रतिशतमा सीमित रहने प्रक्षेपण छ ।

रिपोर्टका अनुसार सन् २०२५ मा एपलको विश्वव्यापी बजार हिस्सा करिब १९.४ प्रतिशत पुग्न सक्छ । यसो भएमा सन् २०११ यता एप्पलले विश्व स्मार्टफोन बजारमा सामसुङलाई पछाडि पारेर विश्वकै नम्बर-वान ब्रान्ड बन्नेछ । नयाँ फोन फेर्ने 'अपग्रेड साइकल'ले बढायो माग काउन्टरप्वाइन्टका विश्लेषक याङ वाङका अनुसार स्मार्टफोन बजार नयाँ 'अपग्रेड साइकल'मा प्रवेश गरिसकेको छ ।

सन् २०२३ देखि सन् २०२५ को दोस्रो त्रैमासिकसम्म करिब ३५.८ करोड सेकेन्ड ह्यान्ड स्मार्टफोन बिक्री भएका छन् । यी प्रयोगकर्ताहरू पहिले नै एपलका प्रयोगकर्ता रहेको हुँदा उनीहरूले नयाँ आइफोन किन्ने सम्भावना बढी छ । यही आधारले एपलको आगामी बिक्रीलाई थप मजबुत बनाएको विश्लेषण गरिएको छ ।




आगामी रणनीतिः सस्तो आइफोन १७ ई र फोल्डेबल मोडेल काउन्टरप्वाइन्टले एपल सन् २०२५ मात्रै होइन, सन् २०२९ सम्मै शीर्ष स्थानमै रहन सक्ने अनुमान गरेको छ । यसमा मुख्य दुई कारण देखाइएका छन्–पहिलो, सस्तो मूल्यको आइफोन १७ ई ल्याउने तयारी र दोस्रो, आगामी वर्ष कम्पनीको पहिलो फोल्डेबल आइफोन सार्वजनिक हुनसक्ने संकेत । यी दुवै कदमले फरक-फरक उपभोक्ता वर्ग समेट्दै बजार फैलाउने रणनीति मानिएको छ । उता बजारमा महँगो मूल्यका अर्थात् प्रिमियम स्मार्टफोन सेग्मेन्टमा एपलको दबदबा झनै बलियो छ । सन् २०२४ को तथ्याङ्कअनुसार यस श्रेणीमा एपलको हिस्सा ६७ प्रतिशत थियो । यही सेग्मेन्टबाट विश्व स्मार्टफोन राजस्वको ठूलो भाग आउँछ, जसले एपललाई आर्थिक रूपमा थप बलियो बनाएको छ ।

भारतीय बजारमा दबदबा भारत एपलका लागि सबैभन्दा तीव्र गतिले बढिरहेको बजारमध्ये एक बनेको छ । सन् २०२५ को तेस्रो त्रैमासिकमा एपल पहिलोपटक भारतका शीर्ष ५ स्मार्टफोन ब्रान्डभित्र परेको बताइन्छ । 'भ्यालु-शेयर' का हिसाबले सन् २०२४ मै भारतमा एपल नम्बर-वान बनिसकेको थियो, करिब २३ प्रतिशत बजार हिस्सा सहित । सन् २०२५ मा भारतमा एपल स्मार्टफोनको बिक्री १ करोड ४० लाख देखि १ करोड ५५ लाख गोटासम्म पुग्ने अनुमान छ, जुन झन्डै २५ प्रतिशत वार्षिक वृद्धि हो ।

सामसुङका लागि चुनौती, तर एन्ड्रोइडको वर्चस्व कायम स्मरण रहोस् विश्व स्मार्टफोन बजारमा बिक्रीमा हिसाबले सामसुङ वर्षौंदेखि अग्रस्थानमा रहँदै आएको ब्रान्ड हो । एपलको तीव्र प्रगतिका बीच पनि एन्ड्रोइड स्मार्टफोनका विश्वव्यापी प्रयोगकर्ता आधार भने अझै विशाल छ । बजारमा एन्ड्रोइड स्मार्टफोनको हिस्सा ७० प्रतिशतभन्दा बढी छ, र त्यसमध्ये सामसुङका स्मार्टफोन सबैभन्दा धेरै छन् । यसर्थ, ब्रान्डको हिसाबले एपल अगाडि बढ्न सक्छह तर अपरेटिङ सिस्टमको स्तरमा एन्ड्रोइडको वर्चस्व अझै बलियो रहने देखिन्छ ।

**स्वास्थ्य**

# सखरखण्ड, पोषणले भरिपूर्ण 'सुपरफुड'

सखरखण्डको स्वाद गुलियो हुन्छ । सखरखण्ड विभिन्न रङका हुन्छन्- सुन्तला, बैजनी, सेतो, पहेंलो । बाहिरपट्टी आलुको बोक्राजस्तो खैरो हुन्छ, कुनै भित्रपट्टी बैजेनी जस्तो त कुनै हल्का सुन्ताला र सेतो रङको हुन्छ । यसको आकारप्रकार पनि कोही लाम्चो र कोही छोटो र ठिक्कको हुन्छ । जे होस्, यसलाई बच्चाले मिठो मान्छन्, वृद्धले औषधि मान्छन्, चिकित्सकले सुपरफुड ।

सुन्तला रङकोमा बिटा-क्यारोटिन बढी हुन्छ भने बैजनीमा एन्थोसायनिन, जसले विभिन्न स्वास्थ्य लाभ दिन्छ । उमालेर खाँदा पोषक तत्वहरू बढी बच्छन्, भुट्दा वा फ्राइ गर्दा केही घट्न सक्छ । यो वास्तवमा प्रकृतिको सबैभन्दा शक्तिशाली 'सुपरफुड' मध्ये एक हो । नेपालका समथर भू-भागदेखि पहाडसम्म, चिसो तथा गर्मी सबै ठाउँमा यो फल्छ । जहाँ-जहाँ सखरखण्ड पुग्छ, त्यहाँ स्वाद मात्र होइन, स्वास्थ्यको खजाना पनि पुग्छ ।

सामान्य आलुको तुलनामा सखर खण्डमा भिटामिन 'ए' झन्डै ४०० बढी हुन्छ, क्यालोरी पनि कम हुन्छ । त्यसैले, विश्व स्वास्थ्य सङ्गठनदेखि हार्वर्डका पोषणविद्हरूसम्मले यसलाई 'विश्वकै सबैभन्दा पोषिलो कन्दमुल' मध्ये एक मान्छन् । किनकी, यसमा प्रशस्त मात्रामा भिटामिन, खनिज, फाइबर र एन्टिअक्सिडेन्टहरू हुन्छन् । सामान्य आलुको तुलनामा यसमा भिटामिन ए को मात्रा धेरै हुन्छ र ग्लाइसेमिक इन्डेक्स कम हुने भएकाले मधुमेह भएकाहरुका लागि पनि उपयुक्त मानिन्छ ।

सखरखण्डले आँखा स्वास्थ्य, रोग प्रतिरोधी क्षमता, पाचन, मुटु रोग निवारण, क्यान्सर जोखिम कम गर्न र तौल नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्छ ।

**सखरखण्डमा कति हुन्छ, पोषण ?**

पोषण तथ्याङ्क (प्रति १०० ग्राम पकाएको सखर खण्डमा)
क्यालोरी - ७६-८६ क्यालोरी (काँचोमा ८६, उमालेकोमा कम)
कार्बोहाइड्रेट - १५-२० ग्राम (जसमध्ये प्राकृतिक चिनी ४-६ ग्राम)
प्रोटिन-१.४ देखि १.६ ग्राम
फ्याट-०.१ देखि ०.२ ग्राम (लगभग शून्य)
फाइबर-३-४ ग्राम (दैनिक आवश्यकताको १५ प्रतिशतसम्म)
भिटामिन ए (बीटा-क्यारोटिनबाट) - ७८७ देखि १५७४० आईयू (दैनिक आवश्यकताको ३०० देखि ४०० प्रतिशतसम्म, सुन्तला रङको सखर खण्डमा बढी हुन्छ)
भिटामिन सी-१५ देखि २० मिलिग्राम (दैनिकको २० देखि ३० प्रतिशत)



पोटासियम-३००-४०० मिलिग्राम (मुटु र रक्तचापका लागि महत्वपूर्ण)
म्याङ्गनिज, भिटामिन बी६, आइरन, कपर आदि पनि प्रशस्त हुन्छ ।
एन्टिअक्सिडेन्टहरू - बीटा-क्यारोटिन, एन्थोसायनिन जस्ता एन्टिअक्सिडेन्ट बैजनी सखरखण्डमा पाइन्छ ।

**सखरखण्डले स्वास्थ्यमा कस्तो फाइदा दिन्छ ?**

**१. आँखाका लागि फाइदाजनक**

सखरखण्ड भिटामिन ए को सबैभन्दा राम्रो स्रोत हो । एक मध्यम आकारको सखरखण्डले दैनिक भिटामिन ए को शतप्रतिशत आवश्यकता पूरा गर्छ । भिटामिन ए ले राति हेर्ने क्षमता बढाउँछ, आँखाको सतह स्वस्थ राख्छ र उमेरसँगै आउने आँखासम्बन्धी रोग म्याकुलर डिजेनेरेसनबाट जोगाउँछ । अध्ययनहरू फुड एण्ड न्यूटिसियन रिसर्च र फ्रोन्टाइर्स इन फ्रर्मालोजीका अनुसार बैजनी सखरखण्डको एन्थोसायनिनले आँखा सुन्निएको कम गर्छ । ड्राई आई सिन्ड्रोममा राहत दिन्छ । विकासशील देशहरूमा भिटामिन ए को कमीले अन्धोपन हुने समस्या छ, सखरखण्ड यसको प्राकृतिक समाधान हो ।

**२. रोग प्रतिरोधी क्षमता (इम्युनिटी) बढाउँछ**

भिटामिन ए, सी र एन्टिअक्सिडेन्टहरूले रक्त कोषिकाहरूको उत्पादन बढाउँछन् र संक्रमणबाट जोगाउँछन् । पोलिस्याकाराइडहरू (विशेषगरी बैजनी सखरखण्ड) ले इम्युन रेस्पोन्सलाई नियमन गर्छ । हार्डवर्ड विश्वविद्यालयका अनुसार यसले श्वासप्रश्वास र आन्द्राको म्युकस मेम्ब्रेन मजबुत बनाउँछ । कोभिड जस्ता महामारीमा पनि यस्ता पोषक तत्वहरूले इम्युनिटी बलियो बनाउने अध्ययनहरूले देखाएका छन् ।

**३. पाचन प्रणालीलाई स्वस्थ राख्छ**

प्रति १०० ग्राममा ३-४ ग्राम फाइबर हुने भएकाले कब्जियत हटाउँछ, आन्द्राको नियमितता कायम गर्छ र कोलोन क्यान्सरको जोखिम कम गर्छ । फाइबरले प्रिबायोटिकको काम गर्छ, जसले राम्रा ब्याक्टेरिया बिफिडोब्याक्टेरियम र ल्याक्टोलबासिलियस बढाउँछ । यसले संक्रमणीय डायरियाबाट जोगाउँछ । उमालेको सखरखण्डले छोटो चेन फ्याटी एसिड उत्पादन गर्छ जसले आन्द्राको कोशिकाहरूलाई ऊर्जा दिन्छ।

**४. मुटु र रक्तचापका लागि लाभदायक**

यसमा पाइने पोटासियमले रक्तचाप नियन्त्रण गर्छ र सोडियमको प्रभाव कम गर्छ । फाइबरले कोलेस्ट्रोल घटाउँछ । एन्थोसायनिन र फेनोलिक कम्पाउन्डहरूले सुन्निएको कम गर्छन् र धमनीहरू स्वस्थ राख्छन् । साइन्सेस डायरेक्टको सिस्टेम्याटिक रिभ्यूले देखाएअनुसार, सखरखण्ड सेवनले रक्तचाप घटाउँछ र मुटु रोगको जोखिम कम गर्छ ।

**५. मधुमेह नियन्त्रणमा सहयोगी**

सखरखण्डको ग्लाइसेमिक इन्डेक्स उसिनेकोमा ४१ देखि ६० हुन्छ । यसले र गतमा चिनीको स्तर क्रमशः बढाउँछ । सेतो बोक्राको सखरखण्डको एक्सट्र्याक्टले इन्सुलिन सेन्सिटिभिटी बढाउँछ र टाइप-२ मधुमेहमा लाभ दिन्छ । फाइबर र एन्टिअक्सिडेन्टले इन्सुलिन रेसिस्टेन्स कम गर्छन् ।

**६. क्यान्सर जोखिम कम गर्छ**

सख्खरखण्डाको बीटा-क्यारोटिन, एन्थोसायनिन र अन्य एन्टिअक्सिडेन्टहरूले फ्री र्‍याडिकल्सलाई निष्क्रिय गर्छन् र क्यान्सर कोषिकाहरूको वृद्धि रोक्छन् । बैजनी सखर खण्डले अण्डकोष, कोलोन, स्तन र पेटको क्यान्सर कोषिकाहरूको वृद्धि रोकेको पाइएको छ । यसमा पाइने एन्थोसायनिनले सुन्निएको अंग बसाएर कम क्यान्सर निवारण गर्छ ।

**७. मस्तिष्क स्वास्थ्य र तनाव कम**

एन्थोसायनिनले न्यूरोइन्फ्लेमेसन कम गरी जसले स्मृति र सिकाइमा सहयोग गर्छ । जनावर अध्ययनहरूमा यसले अल्जाइमर जस्ता रोगबाट जोगाउने देखिएको छ । म्याङ्गनिज र पोटासियमले स्नायुमा तनाव कम गरी पोषण दिने काम गर्छ ।

**८. छाला, तौल नियन्त्रण र अन्य लाभ**

भिटामिन सी र ई ले कोलाजेन उत्पादन गर्छ, छाला चम्किलो बनाउँछ । कम क्यालोरी र उच्च फाइबरले तौल घटाउन सहयोग गर्छ । यसले कलेजोको स्वास्थ्य सुधार्छ, आइरन अब्जर्ब्सन बढाउँछ र एन्टी-इन्फ्लेमेटरी गुणले बाथजस्ता रोगमा राहत दिन्छ ।

**साहित्य**

# पारिवारिक पुरस्कार माहात्म्य

हास्यव्यङ्ग्य

**सङ्गीत आयाम**

पुरस्कार पनि रङ्ग रङ्गका र ताल तालका हुन्छन् भन्ने कुरा कसलाई थाहा छैन र ! कुनै पुरस्कार हल्लाको भरमा हल्ला गरेर दिइन्छ भने त्यस पुरस्कारलाई हल्ला पुरस्कार को रूपमा सहजै अनुमान गर्न सकिन्छ । कुनै पुरस्कार सल्लाहको भरमा सल्लाह गरेर दिइन्छ भने त्यस पुरस्कारलाई सल्लाह पुरस्कार हो भनेर जान्न कुनै मुस्किल काम हुदैन ।

कुनै पुरस्कार माउहरू सबैलाई उछिनेर एक्कासि चल्लाहरूलाई दिइन्छ भने त्यो चल्ला पुरस्कार हो भनेर थाहा पाउन कुनै पनि बार कुर्नुपर्दैन । कुनै पुरस्कार त बाटोघाटोमा यस्ता पनि भेटिन्छन् जसको कुनै आधारै हुदैन र पुरस्कारदाता कुनै पनि बेला सन्किएको भरमा कसले कहा त्यस पुरस्कारलाई कतिखेर प्राप्त गर्दछ थाहा नै हुदैन । यस्ता पुरस्कारहरू झल्ला पुरस्कारको रूपमा संसारभरि विख्यात नै छन् ।

सबैलाई थाहा नै छ कि कुनै पुरस्कार सेता हुन्छन् र ती प्रायः त्यस्ता मान्छेले पाउँछन् जो जिन्दगीभरि कालोधन्दाको लागि सक्रिय हुन्छन् । कुनै पुरस्कार काला पनि छन् जो दिनको उज्यालोमा नै नगदको डरलाग्दो आकर्षा राखेर सेता काम गरेकाहरूलाई रातारात दिएर बद्नाम गरिन्छ ।

ताल तालका र रङ्ग रङ्गका धेरै प्रकारका पुरस्कारहरू मध्ये म यहा यस्तो पुरस्कारका बारेमा बताउँदैछु जसलाई नाममा पनि र काममा पनि एकदमै अनौठो जातको भनेर चिनिन्छ । आजभोलि निकै नै चर्चामा रहेको त्यो पुरस्कारको नाम हो 'पारिवारिक पुरस्कार' । यस पुरस्कारलाई जो कोहीले कम आँक्ने हत्तपत्त साहस नै गर्दैन । यो पुरस्कार एकदमै अनौठो जातको छ, अरूभन्दा धेरै फरक प्रकृतिको । न जोगीले भीख मागेको भरमा प्राप्त गर्छ यस पुरस्कारलाई न भोगीको कुनै भोगाइ नै यस पुरस्कार पाउने र्सत कहिल्यै बन्छ । यो पुरस्कार त्यस्ताले मात्र पाउन सक्छ जसले पुरस्कार दिने परिवारको जय जयकार गरेर आफ्नो प्रष्ट जात के हो भन्ने कुरा देखाउछ ।

पारिवारिक पुरस्कार प्राप्त गर्ने सबैभन्दा ठूलो र्सत के हुन्छ भने पुरस्कार बाँड्ने त्यस परिवारभित्र द्रुतगतिमा प्रवेश गर्नलाई सदस्यता लिनपर्ने नियम छ र त्यसको लागि टिकट काटेर कहिले आफ्नो पालो आउला भनेर कुरेकै हुर्नुपर्दछ । यस पारिवारिक पुरस्कारका मुख्य विशेषताहरूमध्ये पनि प्रमुख विशेषता के हो भने परिवारभन्दा बाहिरकालाई न कहिल्यै यो पुरस्कार दिइएको इतिहास छ न कहिल्यै दिने संभावना नै देखिन्छ । नामअनुसार यो पुरस्कार सधैं नै गौरवान्वित हुदै मस्त भेटिन्छ । नामलाई सार्थक पार्न यो पुरस्कार एकदमै खटिएको देखिन्छ ।

एकदिन, अपवादका रूपमा परिवार भन्दा बाहिरकालाई पनि एकपल्ट यो पुरस्कार दिएर हेर्ने हो कि त भनेर त्यहाँ एक्कासि चर्चा चल्यो । झुक्केर चलेको त्यस चर्चाले 'जर्ज अरवेल' को 'एनिमल फार्म' मा भन्दा पनि कयौं गुणा बढी त्यहा खैलाबैला मच्चायो । सदस्यहरूमाझमा नै मनमुटावको स्थिति देखापरेको हुनाले तत्कालै पारिवारिक पुरस्कार बाँड्ने संस्थाको अध्यक्षले नै पर्वत अवस्थाका लागि पुरस्कार लिने घोषणा गरेको धेरै दिनसम्म चर्चाको विषय बनेको थियो । ल अब तपाई नै भन्नुहोस् त, कति खतरनाक रहेछ त यो पारिवारिक पुरस्कार ? बाहिरका लाई दिने कुरामा त यत्रो कोकोहोलो हुन्छ भने झन् बाहिरका ले नै उक्त पुरस्कार पाउने हो भने अझ कस्तो हल्लाखल्ला हुन्छ होला त्यहाँ, सहजै अनुमान गर्न सकिन्छ ज !

पारिवारिक पुरस्कारलाई लिएर पारिवारिक सदस्यहरू यस्तो कुरामा एकदमै सचेत छन् । उनीहरूलाई लाग्छ, परिवारभित्रै पालो कुरेर बस्नेहरू अझै पनि लामबद्ध नै छन्, कहाँ यो लामलाई छोडेर बाहिर जाने ? यस्तो नचाहिने कुरा उठाउनेलाई कारबाई गर्नुपर्दछ । संस्थामा बसेर बाहिरको कुरा सोच्ने ? के सम्बन्ध छ उसको बाहिरसग ? सदस्यहरू रिसले आगो हुन्छन् । आखिरमा सदस्यहरूले खोजेको कुरा नै त्यहाँ लागु हुन्छ किनकि सक्रियतापुर्वक उनीहरू पनि यसपल्ट मालिकहरूबाट पुरस्कार खसिहाल्छ कि भनेर त्यस लाममा नै लामबद्ध हुन छोडेका हुदैनन् ।

पारिवारिक पुरस्कारको सबैभन्दा महान विशेषता भनेकै कुनै पनि लाज/सरमलाई पचाएर अत्यन्तै उदारता परदर्शन गर्दै आफ्नै पुरस्कार आफ्नो नगरेर लिन सकिन्छ भनेर सारा संसारलाई विशिष्ट उदाहरण देखाउन सक्नु पनि हो । पारिवारिक पुरस्कार मैले लिए है भनेर मालिकहरूमा पनि ठूलो मालिकले आफ्नो हस्ताक्षर गरेर सदस्यहरूका माझमा र्सगर्व घोषणा गर्दा कुनचाहि सदस्य गौरवान्वित भएन र ? वास्तवमा केही दिनपछि पुरस्कार लिएको त्यो क्षणलाई संस्थाका सदस्यहरूले अमृत जसरी घटघटी पिएको दृश्य हेर्नु अरूका लागि पनि कम रमाइलो थिएन । आफ्नै पुरस्कार आफ्नो लिएर विश्वरेकर्ड राख्न सकेकोमा मालिकलाई दासहरूले बधाई दिने क्रम रोकिएको छैन । एउटा दास गर्वितहुदै भन्छ, 'संस्थाले प्राप्त गरेका आजसम्मका महान उपलब्धिहरूमध्ये पनि ठूलो उपलब्धिको रूपमा मालिकले पुरस्कार ग्रहण गर्नुभएको उक्त घटनालाई लिइएको छ र संस्थाको इतिहासमा त्यस अदभुत घटनालाई अब सुनौलो अक्षरले लेखिन्छ ।

पारिवारिक पुरस्कारको अर्को ठूलो विशेषता भनेको कतै पनि नभएको नियम परिवारका लागि लागू गरेर प्रथम हुने कोशिशका रूपमा प्रमाणित गर्नु पनि हो । उक्त पुरस्कारको हिजोदेखिको इतिहास हेर्ने हो भने कहिल्यै पनि सल्लाह दिनै नसक्ने हैसियत भएका संस्थाद्वारा घोषित वरिष्ठ सल्लाहकारहरूलाई पुरस्कार दिएर पुरस्कारको महत्ता बढाएको देखिन्छ भने कहिले नाममा भूतपूर्व भए पनि काममा अध्यक्षझैं देखिने र उमेरले नेटो काटिसके पनि अझै संस्थामा चर्को हस्तक्षेप गर्नसक्ने हैसियत भएका भनेर कपाल फुलिसकेको यथार्थलाई मूल्याङ्कनको आधार मान्दै पुरस्कार र्सगर्व प्रदान गर्ने क्रम भेटिन्छ ।

कहिलेकाहीँ त मालिकका ठाडा आदेशहरूलाई पनि कर्तव्यनिष्ठरूपमा सँधै एकनासले पालना गरिरहेका दासहरूलाई पनि यो पारिवारिक पुरस्कार प्राप्त हुन्छ । दासले पुरस्कार प्राप्त गरेपछि यस कुरामा जीवनभरि अत्यन्तै गर्व गर्दथ्यो कि धन्न मालिकहरूले यसपल्ट भने पुरस्कार लिएनन्, नत्र फेरि कहिलेसम्म पालो कुर्नुपर्दथ्यो त्यस पुरस्कारका लागि र ? कहिलेकाहीँ त मालिकहरूभन्दा तल्लो पदमा काम गर्नेहरूले पनि सो पारिवारिक पुरस्कारको स्वाद कस्तो हुन्छ भनेर चाख्न पाउथे र त्यस पुरस्कारका कारण आफ्नो जीवन सार्थक भएकोमा आफैलाई मुरी ? मुरी बधाई दिन चुक्दैनथे ।

कहिले त पारिवारिक पुरस्कार त्यस्ताले पनि प्राप्त गर्दथ्यो जो कार्यसमितिका सदस्यहरूमध्येमा पनि वरिष्ठ हुन्थ्यो । संस्थाको सदस्यहरूमा वरिष्ठ भए पनि आजसम्म आफ्नो कुनै दृष्टिकोण नै विकास गर्न नसकेको भनेर बेला बेलामा परिवारवृत्तभन्दा बाहिरको वृत्तमा आलोचनाको केन्द्र पनि हुन्थे त्यस्ता पात्र । पारिवारिक पुरस्कारको हकमा भने संस्थाप्रति अत्यन्तै भक्तिभाव पुर्दर्शन गर्नमा कोहीभन्दा कम नभएको योगदानको मूल्याङ्कन गरेर ठूला भक्तका रूपमा सो पुरस्कार दिइन्थ्यो कार्यसमितिका वरिष्ठ सदस्यहरूलाई । वरिष्ठ सदस्यहरू अरूले नपाएर आफूले पाएकोमा जीवनभरि गर्वबोध गर्दथे ।

भौतिकरूपमा उन्नति गरेका तर बौद्धिकरूपले पतनहुदै गएका संस्थाको सदस्यहरूका लागि यो पारिवारिक पुरस्कार ठूलो आकर्षाको केन्द्र हुन्थ्यो । यस्तो अनौठो पुरस्कार दिने संस्था भनेर अन्तर्रदेखि शुभकामनाका सन्देशहरू आउने क्रम जारी नै रहेको देखिन्थ्यो ।

प्रतिभा र क्षमताले ठगिएका अनि सिर्जनात्मकशून्य मस्तिष्क बोकेकाहरूलाई पनि यो पारिवारिक पुरस्कार दिने संस्थाले सहारा दिएर ठूलो पुण्यको काम गरेको थियो भन्दा कुन सदस्यको छाती चौडा हुन्थेन र? केही लेख्नुपर्दा प्रतिभाले साथ नदिएको भए पनि ठसठस कनेर लेख्नुपर्ने बाध्यता, केही बोल्नुपर्दा सदस्यहरूमा कुनै कला नभएको कारणले कण्ठस्थ बनाएको कुरा पनि कर्कश स्वरमा बलजफती ओकल्नुपर्ने विवशता आदि विशेषताहरूले भरिएको पारिवारिक पुरस्कार समितिलाई अरूभन्दा एकदमै फरक ढङ्गले हेर्ने गरिन्थ्यो समाजमा र यो नै पारिवारिक पुरस्कार समितिले प्राप्त गरेको अलग प्रकारको पहिचान पनि थियो ।

यी र यस्ता विशेषताहरूले गर्दा पारिवारिक पुरस्कार समिति र सो पुरस्कार प्रदान गर्ने संस्थालाई गरिमामयमात्र बनाएको थिएन कि प्रचण्डको भाषालाई एकछिन सापटी मागेर भन्ने हो भने पुरस्कार दिने र लिने प्रक्रियाले अन्तर्रराष्ट्यि रूपमा नै महान छलाङ मार्नसकेको देखिन्थ्यो । पारिवारिक पुरस्कार दिने पनि र लिने पनि एक्कासि अन्तर्राष्ट्रमा चर्चित भैहाल्थे जसको कारण र्सवशक्तिमान भएर पारिवारिक पुरस्कार प्राप्त नगरेकाहरूलाई प्राप्त गरेकाहरूले त्यति गन्दैनथे ।

**कविता**

## चरी



**श्रीयन्स ढकाल**
कक्षा-३, हेटौंडा एकेडेमी

म सानो चरी
उडी हिँड्छु सधैं भरी।
खान्छु डुली डुली
साथीलाई भूली ।।

साथीसँग मिली खेल्छु
सहयोग पनि गर्छु ।
आफूभन्दा ठुलालाई
आदर सम्मान गर्छु ।।

**चित्रकला**



आरोही गोतम। कक्षा-७। हेटौंडा एकेडेमी

# ३८ हजार सहकारी पीडितले बचत फिर्ता पाउने

काठमाडौं/सरकारले चक्रीय कोषमार्फत बचत फिर्ता गर्दा पाउने सहकारी पीडित बचतकर्ता करिब ३८ हजार छन् । सरकारले १ लाखसम्मका साना बचतकर्ताको रकम फिर्ता गर्दा ती बचतकर्ताले आफ्नो पूरै बचत रकम पाउने भएका हुन् ।




भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयले साना बचतकर्ताको रकम फिर्ता गर्ने प्रस्ताव सहित चक्रीय कोषको परि कल्पना गरेको छ । उक्त कोषमा सरकारले २ अर्ब रुपैयाँ राख्ने र त्यसको परिचालन कार्यविधि मार्फत साना बचतकर्तालाई फिर्ता गर्ने प्रस्ताव मन्त्रालयले गरेको छ ।

सोही अनुसार मन्त्रालयले कार्यविधि तयार गरी अर्थ मन्त्रालयमा पठाएको छ । अर्थमा अध्ययन क्रममा रहेको उक्त कार्यविधि मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि साना बचतकर्ताले रकम फिर्ता पाउनेछन् । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले तयार गरेको तथ्यांक अनुसार समस्याग्रस्त सहकारीका साना बचतकर्ताको संख्या ३७ हजार ८ सय ६ जना छ ।

उनीहरुले समस्याग्रस्त सहकारीमा जम्मा गरेको १ लाख रुपैयाँसम्म फिर्ता पाउनेछन् । मन्त्रालयले सोही अनुसार कार्यविधि बनाइ चक्रीय कोषमा सरकारले राख्ने रकम यकिन गरिएको मन्त्रालयका एक अधिकारीले बताए । '१ लाखसम्मका बचतकर्ताको संख्या र रकम विश्लेषण गरेर कार्यविधि तयार गरिएको हो,' ती अधिकारीले भने, 'सहकारीका कारण समस्यामा परेका साना बचतकर्ताको रकम फिर्ता गरी सहकारी मार्फत उठेको रकम उक्त कोषमा जम्मा गरिने छ ।'

समस्याग्रस्त सहकारी कार्यलयका अनुसार समस्याग्रस्त २० सहकारी संस्थाका १ लाखभन्दा थोरै बचत गर्ने ३७ हजार ८ सय ६ बचतकर्तालाई १ अर्ब ८६ करोड ८४ लाख ९६ हजार रुपैयाँ भुक्तानी दिनुपर्ने देखिएको छ । त्यसमध्ये ५ सहकारीमा १ लाखसम्म बचतकर्ता नै नभएको समितिको कार्यालयले जनाएको छ ।

प्रभु बचत तथा ऋण सहकारी संस्था, स्ट्यान्डर्ड सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ, कन्जुमर बचत तथा ऋण सहकारी संस्था, हाम्रो नयाँ कृषि सहकारी संस्था, कोहिनुर हिल सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ र भेगास बचत तथा ऋण सहकारी संस्थामा १ लाखसम्म बचत गर्ने बचतकर्ता नभएको कार्यालयले जनाएको छ ।

सरकारले १ लाखसम्म बचत भएका पीडितलाई मात्रै दिने गरी प्रक्रिया अघि बढाए पनि आन्दोलनरत सहकारी पीडितले त्यसमा सहमति जनाइसकेका छैनन् । सहकारी पीडित बचतकर्ता महासंघले भने सबै बचतकर्तालाई १ लाखसम्मको रकम फिर्ता दिनुपर्ने माग गर्दै आएको छ ।

समस्याग्रस्त कार्यलयका अनुसार शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थामा १ लाखसम्मको मात्रै बचत राख्ने बचतकर्ताको संख्या २० हजार ४ सय ८३ छ । उक्त संस्थामा साना बचतकर्ताको मात्रै ६९ करोड ७ लाख ३४ हजार रुपैयाँ बचत रहेको कार्यालयले जनाएको छ । त्यसैगरी आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारीमा ८ हजार ७९ साना बचतकर्ता छन् । उक्त संस्थामा साना बचतकर्ताको मात्रै २७ करोड ३ लाख ४४ हजार छ ।

कार्यालयका अनुसार प्यासिफिक सेभिङ एन्ड इन्भेस्टमेन्ट कोअपरेटिभमा १ लाखसम्म बचत गर्नेको संख्या १५ छ भने सोसाइटल बचत तथा ऋण सहकारीमा १० जना छन् । त्यस्तै लु:निभा बहुद्देश्यीय सहकारी संस्थामा २ जना, ओरेन्टल कोअपरेटिभमा ६ सय २८, पशुपति सेभिङ एन्ड क्रेडिट कोअपरेटिभमा २ सय ६४, तुलसी बहुमुखी सहकारी संस्थामा ३ हजार ३ सय ७, कृषि विकास बहुउद्देश्यीय सहकारी संस्थामा ८ सय ३८, कान्तिपुर सेभिङ एन्ड क्रेडिट सहकारी संस्थामा १ हजार ९ सय ५, श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्थामा १ हजार ६ सय ७८, गौतमश्री बहुउद्देश्यीय सहकारी संस्थामा ३ सय २२, गोरखा सेभिङ एन्ड क्रेडिट सहकारी संस्थामा ६ र नेपाल सहकारी वित्तीय संस्थामा २ सय ६९ जनाको १ लाखसम्मको बचत छ ।

सरकारले उक्त चक्रीय कोषमार्फत रकम फिर्ता गर्दा प्रदेशहरूमा रहेका समस्याग्रस्त सहकारीको समेत १ लाखसम्मका बचत फिर्ता गर्नुपर्ने हुन्छ । प्रदेश तथा स्थानीय तहमा समस्याग्रस्त घोषणा भएका सहकारीको समेत जोड्दा उक्त कोषबाट भुक्तानी दिनुपर्ने रकम २ अर्ब पनि थोरै हुने समितिको कार्यालयका एक अधिकारीले बताए ।

'सरकारले बचत फिर्ता गर्ने भने पनि काठमाडौंका संस्थाका मात्र नभई देशभरिका सबै समस्याग्रस्त सहकारी संस्थाका १ लाखसम्मका बचतकर्ताको रकम फिर्ता दिनुपर्ने हुन्छ,' कार्यलयका ती अधिकारीले भने, 'ठूला बचतकर्ताका हकमा आम्दानीको स्रोतको खोजी गरेर अघि बढ्नुपर्ने हुन्छ ।'

पछिल्लो समय समस्याग्रस्त सहकारीका बचतकर्ताले आफ्नो बचत फिर्ता माग गर्दै निरन्तर आन्दोलन गर्दै आएका छन् । वित्तीय क्षेत्र सुधार सुझाव आयोगले पनि पीडित बचतकर्ताको ५ लाखसम्मको रकम सरकारले कोष खडा गरेर भुक्तानी दिनुपर्ने सुझाएको छ । आन्दोलित पीडितले पनि सोही अनुसार माग राख्दै आएका छन् ।

समितिको कार्यालयका अनुसार १५ समस्याग्रस्त सहकारी संस्थाको ६२ हजार ३ सय २४ बचतकर्ताको ३९ अर्ब ४२ करोड ९६ लाख रुपैयाँ बचत फिर्ता माग गरिएको छ । ती सहकारीका ३९ हजार ४ सय ३० ऋणीबाट २४ अर्ब ८८ करोड ४३ लाख रुपैयाँ असुल गर्न बाँकी रहेको कार्यालयले जनाएको छ । समस्याग्रस्त सहकारीका कुल ऋणमध्ये १ हजार ९ सय ५४ ऋणीबाट २७ करोड २४ लाख असुल गरेको कार्यलयको दाबी छ ।

त्यसैगरी २ हजार ८ सय २७ बचतकर्ताको १ अर्ब ८६ करोड १७ लाख बराबर बचत फिर्ता गरेको कार्यालयले जनाको छ । कार्यालयले अझै ५६ हजार ४ सय ९७ बचतकर्ताको ३७ अर्ब ५६ करोड ७८ लाख बचत फिर्ता गर्न बाँकी रहेको कार्यलयले जनाएको छ ।

(स्रोत:अनलाइनखबर)

# 'रानी' तामाङ पप गीत सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ नयाँ तामाङ पप गीत 'रानी' शुक्रबार सार्वजनिक गरिएको छ ।

ओपेरा डिजिटलको प्रस्तुतिमा तयार गरिएको गीत शुक्रबार एक कार्यक्रमबीच सार्वजनिक गरिएको हो । गायक विक्रम लुङ्वाको स्वर रहेको गीतमा लुङ्वासहित मोडल आकाञ्छा तामाङको अभिनय छ । गीतका शब्द सुरेश मोक्तानले लेखेका हुन् भने तुलसी गौतमले संगीत भरेका छन् । गीतको एरेन्ज फनिन्द्र राईले गरेका हुन् ।

भिडियोको निर्देशन युद्ध लामाले गरेका छन् । छायाङ्कन दुर्गा श्रेष्ठ, सम्पादन विक्रम लुङ्वा, र रंग संयोजन बिनोद बमको रहेको छ । कार्यक्रममा बोल्दै संगीतकार गौतमले 'रानी' गीतले तामाङ पप गीतको क्षेत्रमा नयाँ उचाइ दिन सक्ने आशा व्यक्त गरे । कार्यक्रममा गीतका संगीतकार तुलसी गौतम, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, तामाङ कलाकार संघ मकवानपुरका अध्यक्ष धिरेन लामा सहित सांगीतिक क्षेत्रका कलाकार, सञ्चारकर्मीलगायतको उपस्थित थियो । 'रानी' गीतलाई ४ के भिजुअल क्वालिटीसहित युट्युबमा हेर्न सकिन्छ ।

# 'झरीपछिको इन्द्रेणी'ले थाल्यो प्रदर्शन, ९ वर्षपछि गणेश उप्रेतीको कमब्याक



काठमाडौं/कात्तिकयता नेपाली फिल्मको व्यापार सुस्ताइरहेको अवस्थामा शुक्रबारबाट नयाँ आशातित फिल्म 'झरीपछिको इन्द्रेणी' प्रदर्शनमा आएको छ । स्टार कास्ट र गीत-ट्रेलरले दर्शकलाई आकर्षित गरेकाले फिल्मले बक्स अफिस चलायमान बनाउने अपेक्षा गरिएको छ । हलिउड फिल्म 'अवतार ३'सँगको प्रतिस्पर्धाका कारण फिल्मले अपेक्षित शो भने पाउन सकेको छैन ।

हास्य कलाकारको रुपमा परिचित अर्जुन घिमिरे (पाँडे)को निर्देशनमा बनेको यो फिल्मबाट पुराना अभिनेता गणेश उप्रेतीले ९ वर्षपछि कमब्याक गरेका छन् । उनका कारण अघिल्लो पुस्ताका दर्शकलाई फिल्म दर्शनीय हुनसक्ने अपेक्षा गरिएको छ । फिल्ममा गणेशसहित रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, प्रियना आचार्य (मुन्नी) लगायतको पनि अभिनय छ ।

निर्देशक घिमिरे स्वयंको कथा रहेको यो फिल्मबाट विमोचन दवाडी र जेसिका पोखरेलले डेब्यु गरेका छन् । जेसिका दीपाश्रीकी बहिनीकी छोरी हुन् । बाल कलाकारमा दिप्सन चिलवालको पनि अभिनय रहेको छ । फिल्मको पटकथा तथा संवाद गणेश कार्की र विशाल घिमिरेले लेखेका हुन् । अनिशा सेन्दाङ लिम्बू निर्मात्री रहेको फिल्मका छायाँकार बुद्ध थापा हुन् ।

फिल्ममा देशको राजनीतिक अस्थिरता, त्यसले जनतामा पारेको प्रभाव, र नयाँ पुस्ताको आकांक्षा र आक्रोशलाई मुख्य कथावस्तु बनाइएको छ । एक इमानदार कर्मचारी र बाबुको संघर्षको कथा पनि फिल्मले पेश गर्नेछ । नेपालीतर्फ एकल रिलिजको दुर्लभ अवसर पाएको यो फिल्मलाई बक्स अफिसमा 'अवतार ३' ठूलो चुनौतीको रुपमा देखिएको छ ।

# मन्त्री फेरिँदा समस्याग्रस्त सहकारी समिति कार्यालयको काम ठप्प

काठमाडौं/समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा अहिले सेवा ठप्प छ । समितिका पदाधिकारीलाई स्पष्टीकरण सोधिएपछि फेरि मन्त्री परिवर्तन भएपछि कार्यालयमा कुनै पनि काम हुन नसकेको हो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको नेतृत्व अनिल सिन्हालाई रहेका बेला समितिका पदाधिकारीलाई स्पष्टीकरण सोधिएको थियो । सरकारले मन्त्री थप गर्ने क्रममा उक्त मन्त्रालयको जिम्मा प्रा.डा. कुमार इङनामले पाएका छन् । मन्त्री फेरिएकाले पनि समितिका पदाधिकारीबाट आएको स्पष्टीकरणको अध्ययन गरी थप निर्णय गर्न समय लागेको मन्त्रालयका एक अधिकारीले बताए ।

सरकारले हटाउने उद्देश्य सहित समितिका पदाधिकारीलाई स्पष्टीकरण सोधेपछि पदाधिकारी कार्यालय नै आउन छाडे । पदाधिकारी नै कार्यालय नआएको करिब एक महिना पुगेको छ । मन्त्रालयले पदाधिकारीलाई मंसिर १० गते स्पष्टीकरण सोधेको थियो । त्यसपछि पदाधिकारी कार्यालय अनुपस्थित भएपछि नियमित काम कारबाही समेत प्रभावित भएको समस्याग्रस्त सहकारी व्यवस्थापन समिति कार्यालयका एक अधिकारीले बताए ।

'पीडित सर्वसाधारण आउनुहुन्छ, गुनासो राख्नुहुन्छ,' उनले भने,'पदाधिकारी कोही कार्यालय नआएको हुनाले पीडितलाई सेवा दिन त परै जाओस्, नियमित काम नै प्रभावित हुन थालेको छ ।' उनका अनुसार पीडित आएर कार्यालयका कर्मचारीकै पीडा हेरेर फर्किने अवस्था छ ।

निवर्तमान मन्त्रीले सुरु गरेको स्पष्टीकरण प्रक्रियाप्रति वर्तमान मन्त्रीको बुझाइ फरक नभएको मन्त्रालयका एक अधिकारीले बताए । मन्त्री फेरिएकाले पनि केही ढिला भएको बताउँदै ती अधिकारीले भने, 'समितिका पदाधिकारीले दिएको स्पष्टीकरण अध्ययनको क्रममा छ, आवश्यक निर्णय छिट्टै हुनेछ, समितिको कार्यालयमा काम सुचारु गर्न धेरै ढिला हुँदैन ।'

सहकारी पीडितले समिति विरुद्ध आन्दोलन नै गरेपछि सरकारले आवश्यक प्रक्रिया सुरु गरेको ती अधिकारीले बताए । समितिले कृषि सहकारी ठगलाई जेलमुक्त गर्न सहयोग गरेको भन्दै सहकारी पीडित आन्दोलित थिए । त्यसपछि सरकारले समितिका पदाधिकारी हटाउने लक्ष्यसहित स्पष्टीकरण सोधेको थियो । स्पष्टीकरणको जवाफ उपर मन्त्री र सचिवले छलफल गरेको बताउँदै ती अधिकारीले भने,'चाँडो भन्दा चाँडो आवश्यक निर्णय हुन्छ ।'

उता पदाधिकारी भने राजीनामा पनि नदिने र काम गर्न कार्यालय पनि नजाने गरेपछि सेवाग्राही तथा सहकारी पीडित समस्यामा परेका छन् । समितिले प्रभावकारी रूपमा काम गर्न नसकेपछि मन्त्रालयले १२ बुँदे स्पष्टीकरण सोध्दै बर्खास्त गर्ने प्रक्रिया सुरु गरेको हो ।

सहकारी ऐन २०७४ को दफा १०५ मा समिति अध्यक्ष र सदस्यको पदावधि बढीमा २ वर्षको हुने उल्लेख छ । सरकारले पदाधिकारीको पदावधि आवश्यकता अनुसार थप २ वर्ष बढाउन सक्ने व्यवस्था छ । सरकारलाई समिति अध्यक्ष वा सदस्यको कार्यसम्पादन सन्तोषजनक नलागेमा जुनसकै बखत पदबाट हटाउन सक्ने व्यवस्था छ । समिति पदाधिकारीलाई पदबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्ने मौका दिनुपर्ने ऐनमा उल्लेख छ ।

केपी ओली सरकारले वैशाख २०८१ मा उच्च अदालतका पूर्वन्यायाधीश श्रीमणकुमार गौतमलाई अध्यक्ष नियुक्त गरेको थियो । समिति सदस्यमा उद्धवप्रसाद तिमल्सेना, काशिचन्द्र बराल, ललिताकुमारी महर्जन, ध्रुव आचार्य र महेशप्रसाद काफ्ले छन् । सबै पदाधिकारीले मन्त्रालयमा जवाफ पेस गरेका छन् ।

सहकारी ऐन अनुसार उच्च अदालतका न्यायाधीश वा सोसरह योग्यता भएको व्यक्ति समितिका अध्यक्ष रहन्छन् । समितिमा निजामतीमा ११औं तहमा काम गरिसकेको व्यक्ति एक, बैंक तथा वित्तीय संस्थामा नवौं तहमा काम गरेको वा चार्टर्ड एकाउन्टेन्ट एक, राष्ट्रिय सहकारी महासंघले तोकेको एक, सहकारी विज्ञबाट दुई र राजपत्रांकित द्वितीय श्रेणीको कर्मचारी सदस्य सचिव समितिमा रहने कानुनी प्रावधान छ ।

(स्रोत:अनलाइनखबर)

# मधेशका मुख्यमन्त्री यादवलाई सिंगो प्रदेशसभाकै विश्वासको मत

जनकपुरधाम/मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले सिंगो सदनबाट विश्वासको मत पाएका छन् । शक्रबार बसेको प्रदेशसभा बैठकमा उनलाई सदनमा रहेका १० वटै दलका उपस्थित ९२ सांसदले विश्वासको मत दिएका हुन् ।

सत्तापक्षीय सम्पूर्ण दल र प्रमुखरु प्रतिपक्षी नेकपा एमाले सहितका दलले यादवलाई विश्वासका मत दिएका छन् । उपसभामुखको आसनमा बसेर सभा सञ्चालन गरेकी उपसभामुख बबिता राउत इशरले यादवले विश्वासको मत पाएको घोषणा गरिन् । नेपाली कांग्रेस नेतृत्वको सातदलीय गठबन्धन घटक जसपा नेपाल, जनमत नेकपा माओवादी केन्द्र, लोसपा, नेकपा एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीले यादवलाई विश्वासको मत दिए ।

यस्तै प्रमुख प्रतिपक्षी एमालेबाहेक सत्ता बाहिर रहेका एक-एक सिटको राप्रपा नेपाल र नेपाल संघीय समाजवादी पार्टी समेतले विश्वासको मत दिए । गत मंसिर १९ गते ७ दलीय गठबन्धनको समर्थनमा नेपाली कांग्रेस संसदीय दलका नेता यादव मुख्यमन्त्री नियुक्त भएका थिए ।

उनले गत मंसिर २१ गते पद तथा गोपनियताका शपथ लिएका थिए । उनले सोहीले दिन नेपाली कांग्रेस, जनमत र नेकपा एकीकृत समाजवादीबाट तीन मन्त्री नियुक्त गरेका थिए । गत मंसिर २९ गते उनले पुनर्गठन गर्दै नेकपा माओवादी केन्द्र र लोसपालाई समेत सरकारमा सहभागी गराएका थिए । अहिले उनको मन्त्रिमण्डल उनी लगायत ६ सदस्य छन् । ६ वटा मन्त्रालयले पूर्णता पाउन बाँकी छ । विश्वासको पाएसँगै मुख्यमन्त्री यादवले संसदीय गठबन्धनमा भागबण्डा मिलाएर मन्त्रिपरिषद् विस्तार गर्ने छन् ।

१०७ सदस्य मधेश प्रदेशसभामा सरकारको विश्वासको मतको लागि ५४ मत आवश्यक पर्छ । प्रदेश सभामा हाल नेकपा एमालेका २४, नेपाली कांग्रेसका २२, जसपा नेपालका १८, जनमतका १३, नेकपा माओवादी केन्द्रका ९, लोसपाका ८, नेकपा एकीकृत समाजवादीका ७ सांसद छन् । यस्तै राप्रपा नेपाल, नागरिक उन्मुक्ति पार्टी र नेपाल सैंघ समाजवादी पार्टीको एक-एक सिट रहेको छ ।

यसअघि दोस्रो कार्यकालकै तत्कालीन मुख्यमन्त्री सरोज कुमार यादवले २९ जेठ २०८० मा समेत सिङ्गो सदनको विश्वासको मत पाएका थिए । सर्वोच्चको परमादेश पश्चात् संविधानको धारा १६८ को ३ बमोजिम बनेको एमालेका मुख्यमन्त्री सरोज कुमार यादवले गत मङ्सिर १७ गते विश्वासको मत लिन बोलाएको सदनमा मत नपाउने देखेपछि राजीनामा दिएका थिए ।

त्यसअघि गत असोज २९ गते छौतरीय गठबन्धनबाट मुख्यमन्त्री नियुक्त भएका लोसपाका नेता जितेन्द्र सोनलले गत कात्तिक २२ गते सदनमा विश्वासको मत नपाउने देखेपछि राजीनामा दिएका थिए । त्यसअघि गत असोज २८ गते विश्वासको मत नपाउने देखेपछि जनमतबाट मुख्यमन्त्री रहेका सतीश कुमार सिंहले राजीनामा दिएका थिए ।

# हल रिलिजको १३ दिनमै ओटीटीमा आउँदै 'पीआर'

काठमाडौं/गत शुक्रबार (२६ मंसिर)बाट प्रदर्शनमा आएको फिल्म 'पीआर'ले व्यापारमा सुधारका लागि घरेलु बक्स अफिसमा संघर्ष गरिरहेको छ । दर्शकबाट सकारात्मक प्रतिक्रिया प्राप्त हुँदा पनि फिल्मले अपेक्षित रुपमा व्यापारिक गति बढाउन नसकेपछि निर्माण पक्षले आम्दानीका लागि वैकल्पिक माध्यम रोजेको छ । अब फिल्मलाई ओटीटी प्लेटफर्ममा रिलिज गरिने भएको छ ।




फिल्मको ओटीटी प्रदर्शन अधिकार 'एमएसएम भिडियो'ले लिएको छ । बिहिबार फिल्मका निर्देशक शोभित बस्नेत र एमएसएमका प्रतिनिधिबीच कागजी सम्झौता भएको हो । निर्देशक बस्नेतका अनुसार यही पुष १० गतेबाट 'एमएसएम'मा दर्शकले फिल्म हेर्न पाउनेछन् । ओटीटीमा रिलिज हुँदासम्म फिल्म हलमा लागेको १३ दिन मात्र हुनेछ ।

हलमा हेर्न नपाएका दर्शकका लागि ओटीटीमा फिल्म रिलिज गर्न लागिएको निर्देशक बस्नेतले बताए । उनले भने, 'हलले पर्याप्त शो नदिँदा धेरै दर्शकले फिल्म हेर्न नपाएको गुनासो गरिरहनु भएको छ । यसैले हामीले हल रिलिजको दुई सातामै डिजिटल प्लेटफर्ममार्फत फिल्म देखाउन लागेका हौं । यो माध्यमबाट धेरै दर्शकमाझ फिल्म पुग्छ भन्ने विश्वास छ ।'

नेपालबाट अस्ट्रेलिया पुगेका युवाहरूले त्यहाँको स्थायी आवासीय पत्र (पीआर) लिनका लागि गर्ने संघर्षको कथामा आधारित यस फिल्ममा आर.ए. सुरज पौडेल, विनिता कार्की, राजन कुँवर, पूजा चौधरी, आश्मा अधिकारी मस्तानी, विमला खत्री, गणेश बुढाथोकी, म्याक्स बाबू, कृष्ण थापा, नवीन घायल लगायतको अभिनय छ ।

# वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बढाउने निर्णय खारेज

काठमाडौं/श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बढाउने निर्णय खारेज गरेका छन् । नवनियुक्त श्रममन्त्री भण्डारीले आज मन्त्रीस्तरीय निर्णय गर्दै यसअघि कात्तिक ३० गतेको निर्णय खारेज गरेका हुन् । श्रम मन्त्रालयले श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बढाएर ९ हजार ५ सय पुऱ्याउने निर्णय कार्यान्वयनका लागि व्यवसायीहरूलाई पत्राचार गरेको थियो । तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारीले ८ चैत २०८१ मा ६ हजार ५ सय रूपैयाँ शुल्क लिँदै आएको शुल्क बढाएर ९ हजार ५ सय रूपैयाँ पुऱ्याउने निर्णय गरेका थिए ।

स्वास्थ्य परीक्षण सेवालाई गुणस्तरीय बनाउन ३४ प्रकारका परीक्षण गर्नुपर्ने र त्यसका लागि उक्त शुल्क निर्धारण भएको थियो । शुल्क बढेको विषयमा चौतर्फी विरोध भएपछि प्रधानमन्त्री सुशीला कार्कीले निर्णय कार्यान्वयन नगर्न निर्देशन दिएकी थिइन् । सोही अनुसार मन्त्री भण्डारीले शुल्क बढाउने निर्णय खारेज गरेका हुन् । श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले एक विज्ञप्ति जारी गर्दै शुल्क वृद्धि खारेज गरिएको र पुरानै शुल्कमा स्वास्थ्य परीक्षण गरिने बताए ।

'मन्त्रालयको मिति २०८२/०९/०४ को माननीय मन्त्री स्तरको निर्णयबाट २०८२/०७/३० को निर्णयानुसार भएको शुल्क वृद्धि खारेज गरिएको व्यहोरा अनुरोध छ । तसर्थ, वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूले स्वास्थ्य परीक्षण र परीक्षण शुल्क साविक बमोजिम नै हुनेगरी कार्यान्वयन गर्नु गराउनु हुन सम्बद्ध सबैमा जानकारी गराइन्छ,' विज्ञप्तिमा उल्लेख छ ।

स्वास्थ्य सेवा परीक्षण दस्तुर निर्धारण गर्दा नेपाल सरकारले तोकेको शुल्कलाई आधार मानी वैदेशिक रोजगारमा जाने कामदारलाई सहुलियत हुनेगरी सबै परीक्षणको प्याकेजमा ९ हजार ५ सय रूपैयाँ तोकेको थियो ।

(स्रोत:अनलाइनखबर)

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स्
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# विकास निर्माणको काममा स्टन्टबाजी नगरौँ: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौँडा, ४ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले राज्यले निर्माण व्यवसायी माथि आतंक बढाएको टिप्पणी गरेका छन् ।

शुक्रबार काठमाडौंमा आयोजित वागमती प्रदेश निर्माण व्यवसायी महासंघको पाँचौ वार्षिक साधारणसभामा बोल्दै उनले सो कुरा बताएका हुन् । मुख्यमन्त्री बानियाँले विकास, निर्माणको कार्यलाई अघि बढाउने नाममा स्टन्टबाजी नगर्न तीनवटै तहका सरकारलाई सचेत गराए । उनले विधि र प्रक्रिया नपुऱ्याई टेन्डर आह्वान गर्ने कामले पनि विकास, निर्माणको कामले गति लिन नसकेको बताए । मुख्यमन्त्री बानियाँले निर्माण व्यवसायीहरुलाई बैंकहरुले पनि पछिल्लो समय दु:ख दिने गरेको बताए ।




'निर्माण व्यवसायीमाथि अहिले राज्यको आतङ्क बढेको छ । मानवीय व्यवहार पनि नगरेको अवस्था छ । कहिँ निर्माण व्यवसायीहरुको त्रुटि त कहिँ राज्यको त्रुटि होला । दुबै पक्षको त्रुटिलाई सुधार गरेर देश, प्रदेश र स्थानीय तहले गर्ने कार्य र टेन्डर प्रक्रियालाई व्यवस्थित गरेर लैजानुपर्दछ । देश स्टन्टबाजीले चल्दैन । विधिको शासन र कानूनी राज्य छ देशमा । कानूनलाई परिमार्जन गरौं । तर, स्टन्टबाजीलाई बन्द गरौं । निर्माण व्यवसायीहरुले विभिन्न ठाउँमा दु:ख पाएको अवस्था छ', मुख्यमन्त्री बानियाँले भने, मन्त्री, प्रधानमन्त्री, प्रदेशका मुख्यमन्त्री, मन्त्री, चाहे गाउँपालिकाका अध्यक्ष जो कसैलाई पनि आफ्नो काम देखाउनुछ भनेर भटाभट टेण्डर निकाल्ने काम पनि गर्नु हुँदैन ।' मुख्यमन्त्री बानियाँले प्रधानमन्त्री, मन्त्रीले समेत आफूले काम गरेको देखाउनका लागि गैरकानूनी ढंगले टेन्डर आह्वान गर्नेलगायत कामहरु गरिरहेको भन्दै आपत्ति जनाए ।

त्यसैगरी, नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले अन्तरिम सरकारका मन्त्री कुलमान घिसिङले निर्माण व्यवसायीहरुको मान मर्दन गरेको आरोप लगाएका छन् । उनले जेन-जी विद्रोहबाट बनेको सरकारले निर्माण व्यवसाय र निर्माण उद्योगीहरुमा निर्मम प्रहार गरिरहेको बताए । मन्त्री घिसिङको कदमले व्यवसायीहरु हतोत्साहित भएको उनको भनाइ छ । मन्त्रीले निर्माण उद्योगलाई धराशयी बनाइ रहनुभएको आरोप लगाउँदै अध्यक्ष सिंहले असन्तुष्टि र विद्रोहबाट बनेको सरकारले पछ्याएको बाटो पनि विगतको जस्तै भएको टिप्पणी गरे ।

'जेन-जी विद्रोहबाट बनेको सरकारले निर्माण व्यवसाय र निर्माण उद्योगीहरुमा जुन हिसाबले प्रहार भइरहेको छ, त्यस विषयमा सरकारको गम्भीर ध्यानाकर्षण गराएका छौँ । देशभरका निर्माण व्यवसायी साथीहरुलाई तदारुकताका साथ विकास निर्माणका जिम्मेवारी प्राप्त गर्नुभएका ऊर्जा, जलश्रोत, सिंचाई, भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास मन्त्रीले म्याराथन दौडको सिलसिलामा असभ्य भाषाहरु नै प्रयोग गर्दै निर्माणस्थलहरुमा भ्रमण गरेर कमी कमजोरीलाई नियालेर त्यसअनुसार काम सम्पन्न गर्न ऊर्जा दिनुको सट्टा हतोत्साहित गर्ने, मान मर्दन गर्ने अभिव्यक्तिहरु दिने काम गर्नुभएको छ । सुन्नै नसक्ने, यो धर्तीमा रहन्न, भन्नेसम्मको अभिव्यक्ति दिने र त्यसैअनुसारको प्रचारप्रसार गर्ने शैलीमा छ । असन्तुष्टिबाट निस्किएको विद्रोहबाट बनेको सरकारले पछ्याएको बाटो पनि विगतको दिनको भन्दा फरक पाउन सकेको छैन', उनले भने ।

अध्यक्ष सिंहले विगतमा सरकारी संयन्त्रको प्रयोग गरी राजनीतिक स्वार्थ पूरा गर्ने गरिएको र अन्तरिम सरकारले पनि त्यही क्रमले निरन्तरता पाएको दाबी गरे ।

# पालुङ बहुउद्देश्यीय हेटौंडा सेवा केन्द्रको साधारणसभा



साझाकुरा संवाददाता

हेटौँडा, ४ पुस/ पालुङ बहुउद्देश्यीय सहकारी संस्था हेटौंडा सेवा केन्द्रस्तरीय २६ औं वार्षिक साधारणसभा शुक्रबार हेटौंडामा भएको छ ।

सहकारीका अध्यक्ष कृष्णबहादुर विष्टको अध्यक्षता एवम् संस्थाका पूर्वअध्यक्ष तथा बहुउद्देश्यीय सहकारी संघ मकवानपुरका कोषाध्यक्ष पुरुषोत्तम कार्कीको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष विष्टले सहकारीको मुख्य लगानी रहने गरी थाहा शितभण्डारको निर्माण कार्य अन्तिम चरणमा पुगेको जानकारी दिए । उनका अनुसार यस परियोजनामा थाहा नगरभित्रका अन्तर सहकारी सम्बन्धको विकास र लगानीको सुरक्षाको सुनिश्चितता समेत सबल हुनेछ ।

छ हजार आठ सय ४० जना शेयर सदस्य र चार हजार ६५ जना लघुवित्त सदस्य रहेको सहकारीको शेयर पूँजी ९ करोड ९५ लाख रहेको छ । आर्थिक वर्ष २०८१/०८२ मा सहकारीको कूल बचत ८८ करोड ४४ लाख र ऋण लगानी एक अर्ब आठ करोड ५२ लाख रहेको छ । आर्थिक वर्ष २०८१/०८२ मा संस्थाको खुद नाफा एक करोड ६३ लाख रहेको छ ।

आगामी आर्थिक वर्षमा मुनाफामा बृद्धि गरी चार करोड ८२ लाख पुऱ्याउने लक्ष्य रहेको अध्यक्ष विष्टले जानकारी दिए । कार्यक्रममा हेटौंडा उपमहानगर पालिका १ नं. वडा अध्यक्ष सविन न्यौपाने, हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्ट, सहकारीको हेटौंडा सेवा केन्द्रका संयोजक सरोजकुमार खनालगायतले सहकारीले हालसम्म गरेको कार्य सन्तोषजनक रहेको र सहकारी क्षेत्रमा देखिएको चुनौतीलाई सामना गर्न थप जिम्मेवार भएर काम गर्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

वि.सं. २०५६ साल पौष ९ गते थाहा नगरको थाना बजारमा स्थापना भएको सहकारीको सेवा केन्द्रहरु बज्रबाराही र हेटौंडा उपमहानगरपालिकामा विस्तारित छ । त्यसैगरी, चित्लाङमा पनि सेवा केन्द्र बिस्तारको लागि छलफल भइरहेको र निकट भविष्यमा काठमाडौंमा समेत सेवा केन्द्र बिस्तार गर्ने अध्यक्ष विष्टले बताए । यही पौष ९ गते स्थापना दिवसका दिन विविध कार्यक्रमसहित सहकारीले साधारण सभाको आयोजना गर्दैछ ।

# रिहाइपछि रविको प्रतिक्रिया-'न्यायको लडाई बाँकी छ, सबको हिसाब गर्नु नै छ'



साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ रास्वपाका सभापति रवि लामिछानेले न्यायको लडाई बाँकी रहेको बताएका छन् । भैरहवास्थित जिल्ला कारगारबाट छुटेपछि लामिछानेले आफूमाथि भएको अन्याय देशमाथि भएको अन्यको तुलनामा केही पनि नभएको बताए ।

आफू बोल्ने समय आउने भन्दै उनले हिसाबकिताब गर्न बाँकी रहेको बताए । 'न्यायको यो लडाईं मेरो बाँकी नै छ, मैले अझ धेरै लड्नु छ र मैले अहिले लड्नुपर्छ लड्न बाँकी छ भनेको मेरा लागि भनेको होइन तपाईंका लागि यो देशको न्यायका लागि लड्नुपर्ने छ भनेको हो,' लामिछानेले भने, 'यिनीहरूले यो देश माथि गरेको अन्यायको अगाडि म माथि गरेको अन्याय केही पनि होइन, त्यो सबको हिसाब गर्नुछ । त्यसको हिसाब मिलाएपछि अलि लामो बोलौंला, आजलाई म यतिमात्र भन्छु कि हिसाब मिलाउन बाँकी नै छ, न्याय पाउन बाँकी नै छ ।'

काठमाडौंबाट हवाई जहाजमा भैरहवा आउने तयारी भएपनि खराब मौसमका कारण लामिछाने चितवनसम्म जहाजमा आएर त्यहाँबाट सडकमार्गबाट साँझ पौने ६ बजे भैरहवा कारागार आइपुगेका थिए । लामिछाने भैरहवा कारागार आइपुग्दा र छुटेपछि रास्वपाका नेता कार्यकर्ता र समर्थकहरुले उनको पक्षमा हुटिङ गर्दै खुशियाली मनाएका छन् । रूपन्देही जिल्ला अदालतका सूचना अधिकारी पदम अर्यालले उच्च अदालतको आदेशअनुसार केही सर्त र बैंक जमानतको कागज गरेर छाडेको बताए ।

बुटवलको सुप्रिम सहकारी ठगी र संगठित अपराधको अभियोगमा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेलाई उच्च अदालत तुलसीपुरको बुटवल इजलासले धरौटीमा छोड्न आदेश दिएको थियो । बिगो बापतको दुई करोड ७४ लाख ८४ हजार रुपैयाँ बुझाएपछि उनी रिहा भएका हुन् ।

# २६ वर्ष सेवापछि शिक्षक अर्यालको भव्य बिदाई



साझाकुरा संवाददाता

हेटौँडा, ४ पुस/ थाहा नगरपालिका-७ देउखेल, मकवानपुर स्थित श्री सरस्वती माध्यमिक विद्यालयमा लामो समय सेवा गरेका शिक्षक बिनोद अर्यालको सम्मानसहित बिदाई गरिएको छ । विद्यालय व्यवस्थापन समितिको आयोजनामा शुक्रबार 'फेरि भेटौंला' कार्यक्रमबीच उनलाई भव्य बिदाई गरिएको हो ।

धादिङ जिल्ला थाक्रे गाउँपालिका-४ स्थायी घर भई शिक्षक अर्यालले वि.सं. २०५६ साल भदौ १ गतेदेखि २०८२ साल मंसिर १६ गतेसम्म सरस्वती माध्यमिक विद्यालयमा निरन्तर २६ वर्ष ३ महिना सेवा गर्नुभएको थियो । उहाँले २०५६ सालदेखि २०८० सालसम्म सहायक प्रधानाध्यापकको रूपमा र २०८० सालदेखि २०८१ साल भदौसम्म प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्दै विद्यालयको शैक्षिक तथा प्रशासनिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएको विद्यालयले जनाएको छ ।

बिदाई कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मान बहादुर लोको अध्यक्षता रहेको थियो भने थाहा नगरपालिकाका शिक्षा शाखा प्रमुख माधवविक्रम मल्ल प्रमुख अतिथिका रूपमा उपस्थित रहेका थिए ।

कार्यक्रममा वडा नं. ७ का वडा अध्यक्ष शिवराज थिङ, श्री सुन्दरीदेवी माध्यमिक विद्यालयका निवर्तमान अध्यक्ष विनायक गोले, सुन्दरीदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक तथा थाहा नगर शिक्षा समिति सदस्य हरिकृष्ण कार्की, इन्द्रायणी माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायणबहादुर कार्की, पूर्वविद्यार्थी रामकृष्ण कार्की (सकार) तथा सरस्वती माविका प्रधानाध्यापक विष्णु वाइवाका साथै शिक्षक, विद्यार्थी र अभिभावकहरूको उल्लेखनीय उपस्थिति थियो ।

कार्यक्रममा वक्ताहरूले शिक्षक अर्यालको अनुशासन, नेतृत्व क्षमता, शैक्षिक सुधारप्रतिको प्रतिबद्धता र विद्यार्थीप्रतिको समर्पणको प्रशंसा गर्दै उहाँको योगदान विद्यालयको इतिहासमा स्मरणीय रहने बताए । शिक्षक बिनोद अर्याल हाल धुनीबेसी नगरपालिका-९, धादिङस्थित सेतीदेवी आधारभूत विद्यालयमा सरुवा भई सेवा निरन्तरता दिने भएका छन् ।

# लालझाडी सामुदायिक वनमा पाण्डेको नेतृत्व

साझाकुरा संवाददाता

हेटौँडा, ४ पुस/ हेटौँडा उपमहानगरपालिका वडा नं. १ स्थित लालझाडी सामुदायिक वन उपभोक्ता समूहको २८ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

शुक्रबार एक औपचारिक कार्यक्रम गरी समूहले साधारणसभा सम्पन्न गर्नुको साथै आगामी कार्यकालको लागि नयाँ नेतृत्व समेत चयन गरेको हो । साधारणसभाबाट गणेशबहादुर पाण्डेको नेतृत्वमा सर्वसम्मत रुपले नयाँ कार्यसमिति चयन गरेको हो । समितिमा उपाध्यक्ष उत्तम तामाङ, सचिव यशोदा लामा, सहसचिव सानुकान्छा भोलन र कोषाध्यक्षमा पार्वती गोतामे चयन भएकी छन् । सदस्यहरूमा राजकुमार देवकोटा, सरस्वती बर्तौला, बुद्धिमाया रूम्बा र सावित्री तिवारी चयन भए ।




समूहका अध्यक्ष रुद्र तितुङको सभाध्यक्षता एवम् हेटौंडा उपमहानगरपालिका १ नं. वडा अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा साधारणसभा सम्पन्न भएको हो । कार्यक्रममा प्रमुख अतिथि न्यौपानेले वन संरक्षण गर्ने स्थानीयले वनबाट बढीभन्दा बढी फाइदा लिनेतर्फ ध्यानाकर्षण गराए । उनले वन पैदावरसंगै पर्यापर्यटनको विकास गर्न जोड दिएका थिए । कार्यक्रममा कार्यपालिका सदस्य इश्वरी रसाइली, वडा सदस्य रामकृष्ण अधिकारी, पूर्वअध्यक्ष रामप्रसाद तिमल्सिनालगायतले मन्तव्य राखेका थिए ।

# जेन-जी आन्दोलनको रिपोर्टिङका क्रममा घाइते पत्रकारहरुको उपचार खर्च सरकारले व्यहोर्ने

साझाकुरा संवाददाता

हेटौँडा, ४ पुस/ जेन-जी युवा पुस्ताको आन्दोलनको रिपोर्टिङका क्रममा घाइते भएका पत्रकारहरुको उपचार खर्च सरकारले व्यहोर्ने भएको छ ।

शुक्रबार घाइते पत्रकारहरुलाई नगदसहित सम्मान गर्न सिंहदरबारमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चार प्रविधिमन्त्री जगदिश खरेलले यस्तो घोषणा गरेका हुन् । जेन-जी प्रदर्शनका क्रममा प्रहरीले प्रहार गरेको छर्रा र रबरको गोली लागेर चार पत्रकार घाइते भएका थिए । आन्दोलनको क्रममा घाइते भएका कान्तिपुर टेलिभिजनका भिडियो पत्रकार श्याम श्रेष्ठ, नयाँ पत्रिका दैनिकका फोटो पत्रकार दीपेन्द्र ढुंगाना, नेपाल प्रेसडटकमका फोटो पत्रकार उमेश कार्की र पत्रकार शम्भु दंगाललाई शुक्रबार मन्त्रालयमा आयोजित कार्यक्रमबीच सम्मान गरिएको हो ।




सम्मान कार्यक्रममा बोल्दै मन्त्री खरेलले घाइते पत्रकारहरूलाई निरन्तर सम्पर्कमा रहन आग्रहसमेत गरे ।

'राज्यले तपाईंहरुको उपचार खर्च व्यहोर्नुपर्छ, व्यहोर्छ । मैले त्यतिबेला पनि भनेको थिएँ । आज पनि भन्छु । यत्रो दुनियाँको खर्च व्यहोरिरहेको सरकारले तपाईंको किन नव्यहोर्ने ? तर, यसमा मिसइन्फरमेसन चाहीं नहोस् है । सरकारले वास्ता गरेन हैन, गर्छ । तर, सम्पर्क त हुनुपऱ्यो', मन्त्री खरेलले भने ।

मन्त्री खरेलले घाइते पत्रकारहरुले चाहेको खण्डमा उचित रोजगारीको व्यवस्थापन पत्रकार महासंघले गर्नुपर्नेमा जोड दिए ।

## बाल विवाह अन्त्यका लागि सहकार्य गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

बालविवाह गराउनेलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था छ ।

हेटौंडा उपमहानगरपालिका
८ नं. वडा कार्यालय
हेटौंडा, कमाने, मकवानपुर

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०९/०२ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- राधा देवी पाण्डे (पन्ति)* *जग्गावाला-शेष विक्रम पाण्डे (पति)*

यसमा जिल्ला मकवानपुर साविक हेटौडा नगरपालिका वडा नं. ८ को तपशिलको जग्गा राजापानी मौजाको रैती नं. १७१ को रैती शेष विक्रम पाण्डको नाममा साविक भोग लगत कायम भइ निज शेष विक्रम पाण्डे कै नाममा नाप नक्सा तथा फिल्डबुक कायम भएकोमा कैफियत महलमा द.नं. १५०३ मिनु देवी उपाध्यायको निवेदन र २०३३/०९/२५ को तोक बमोजिम अदालतको निर्णय बमोजिम हुने गरी झगडा जनिएको उल्लेखित जग्गा दर्ता गर्न छुट भएकोमा निज फिल्डबुकवाला शेष विक्रम पाण्डेको मिति २०५६/०६/११ मा मृत्यु भएको र निजको हकखाने नजिकको हकदार एक मात्र पत्नि राधा देवी पाण्डे र निजहरुबाट जायजन्म भएका चार जना छोराहरु जेठो दिवाकर पाण्डे, माहिलो शशिकर पाण्डे, साइलो मधुकर पाण्डे र कान्छो प्रभाकर पाण्डे भएकोमा उल्लेखित जग्गा पनि साविकमा फिल्डबुकवालाको मृत्यु पूर्व निजले नै र निजको मृत्यु पश्चात निजका उल्लेखित हकदारहरूले नै साविक देखि हाल सम्म निरन्तर भोगचलन गरी हकभोग गर्दै आएकोले उल्लेखित छोराहरुको मंजुरीले निवेदक म राधा देवी पाण्डेको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि हेटौडा उपमहानगरपालिका ८ नं. वडा कार्यालयको च.नं. ४८३८ मिति २०८२/०२/२७ को हकभोग तथा हकदार समेत खुलेको छुट जग्गा दर्ता तथा नामसारी सम्बन्धी सिफारिस पत्र, मकवानपुर जिल्ला अदालतको मिनु देवी उपाध्याय वादी तथा शेष विक्रम पाण्डे समेत प्रतिवादी भएको लुटपिट मुद्दाको मिति २०५८/०७/२१ को फैसला, नाता प्रमाणित प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, मृत्यु दर्ता प्रमाण पत्र, साविक भोग लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत: उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरीकर्ताहरु भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरूलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | शेष विक्रम पाण्डे हे.न.पा. वडा नं. ८ बुवा-बोद बिक्रम बाजे-जय बहादुर | हेटौंडा | ६ | ३८६ | ०-१-४.५ | द.नं. १५०३ मिनु देवी उपाध्यायको निवेदन र २०३३/०९/२५ को तोक बमोजिम अदालतको निर्णय बमोजिम हुने गरि झगडा राधा देवि पाण्डे | जि.म.हे.न.पा. मौजा राजापानी को रैती नं. १७१ को रैती शेष विक्रम पाण्डे |

*ईति संवत २०८२ साल पौष महिनाको ०२ गते रोज ४ शुभम्..................।*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना